# पैरवी

## पुस – फागुन २०६५

## ओरेक नेपाल

**राज्यको पुनःसंरचना बिना नेपाली महिलाले पूर्ण अधिकार प्राप्त गर्न सक्दैनन् । यो यथार्थलाई सबैले स्वीकारी सकेका छन् । यसको जगका लागि जनआन्दोलन २०६२/६३ ले दिएको म्याण्डेटअनुसार २०६४ चैत २७ गते सम्पन्न ऐतिहासिक सबिंधान सभा निर्बाचनबाट ३३ प्रतिशत महिला सबिंधान सभामा सहभागी भएका छन् । तर यस अभियानका लागि यो संख्या काफी छैन । त्यसैले ओरेक नेपालले राज्य पुनःसंरचना मार्फत महिलाहरूलाई समान अधिकार दिलाउनु पर्छ भन्ने सन्देश दिन विभिन्न अभियानहरू संचालन गर्दै आएको छ । यी अभियानहरूलाई समेट्न अब देखि हामीले ३/३ महिनामा पैरवी प्रकाशन गर्ने निर्णय गरेका छौं । यसमा ओरेक नेपालले ३ महिनाको अवधिमा सन्चालन गरेका अभियानलाई समेटिने छ । पैरबीको यो पहिलो प्रकाशनमा हामीले पुषदेखि फागुन महिनासम्म ओरेक नेपालले महिला अधिकार र सामाजिक न्यायका लागि गरेका विभिन्न अभियानलाई समेट्ने प्रयास गरेका छौं ।**

## ओरेक गतिबिधि

### सिडो छायाँ प्रतिवेदन तयारीका लागि कार्यशाला

महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि (सिडो) मा नेपालले हस्ताक्षर गरेको १८ बर्ष भईसकेको छ। यसले महिला अधिकार, मानवअधिकार लगायत महिलामाथि हुने हिंसा अन्त्यका लागि नेपाल सरकारलाई  नीति निर्माण गर्न दबाब दिन सघाएको छ। यो महासन्धिको पक्षराष्ट्र नेपाल भएकाले नेपालले महासन्धिअनुसारका नियम कानुनहरू बनाउनु पर्ने हुन्छ र यी सबै प्रगति बिबरण समेटेर राज्यका तर्फबाट प्रतिवेदन पठाउनु पर्ने हुन्छ । महासन्धिले गरेका कतिपय ब्यबस्थाअनुसार राज्यले नगरेका कामहरू राज्यलाई नै दबाब दिने उद्देश्यले गैरसरकारीक्षेत्रका तर्फबाट सिडोको छायाँ प्रतिवेदन तयार गर्न गठित समितिले माघको १५ गते धनुषामा कार्यशालाको आयोजना ग ऱ्यो । ओरेक नेपालको संयोजकत्वमा आयोजित त्यो कार्यशालामा मध्यमाञ्चल बिकास क्षेत्रका १४ वटा जिल्लाबाट सघंसस्था, महिला मानवअधिकार रक्षक, बालिकाहरू, हिंसाबाट प्रभावित महिलाहरू, पत्रकार, वकिल, महिला विकासअधिकृत गरी जम्मा ५८ जना  सहभागी थिए। कार्यक्रममा सहभागीहरूले बिभेदरहित कानुन निर्माणमा जोड दिएका थिए भने बहु-विवाह, सम्बन्धविच्छेद, दाईजो प्रथा, कुटपीट, यौन शोषण, कुरीति, कुसंस्कार जस्तै बोक्सीको आरोप, जलाएर मार्ने, आर्थिक परनिर्भरता, हत्या, भ्रुण-हत्या आदिबाट महिलाहरू बढी पीडित भएको कुरा प्रतिवेदनमा समेटिनु पर्ने सुझाव दिएका थिए। तराईका महिलाहरू अन्य क्षेत्रको तुलनामा अझ बढी पीडित भएको उनीहरूले बताएका थिए ।

कार्यशालामा उनीहरूले राज्यका हरेक संरचनामा संबिधानले ग्यारेण्टी गरे अनुरूप एक तिहाई महिला सहभागिताको ब्यबस्थालाई कार्यान्वयन गर्नुपर्नेमा पनि जोड दिएका थिए। साथै शिक्षा र स्वास्थ्यमा महिलाको समान अधिकार हुन पर्ने मुद्दा पनि कार्यशालामा प्राथमिकताका साथ उठाईएको थियो।

## संचारकर्मीहरूसँगको अन्तरक्रिया

महिलामाथि हुने हिंसा नियन्त्रण र अन्त्यका लागि ओरेक नेपालले विभिन्न अभियानहरू संचालन गर्दै आएको छ। यी अभियानलाई जनसमक्ष ल्याउने महत्वपूर्ण माध्यमका रूपमा रहेको संचार क्षेत्रका ब्यक्तित्वहरूसँग बेला बेलामा गरिने अन्तरक्रियाले अभियानलाई अझ बलियो बनाउन सघाएको छ। साथै महिलामाथि हुने हिंसा, यसका प्रकृति र तथ्याङ्कहरू बाहिर ल्याई सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु यस्ता अन्तरक्रियाको मुख्य उद्देश्य रहेको छ। त्यसैले ओरेक नेपालले हरेक ३/३ महिनामा प्रेशसँग अन्तरक्रिया गर्दै आएको छ। २०६५ असोजदेखि पुष मसान्तसम्म महिलामाथि भएका हिंसासम्बन्धी घटनाको जानकारी दिन संचारकर्मीसँग अन्तरक्रियाको आयोजना गरियो। अन्तरक्रियामा विभिन्न प्रकृतिका ३ सय ७९ वटा महिलामाथि भएका घटनाको तथ्याङ्क प्रस्तुत गरिएको थियो। यी घटना मध्ये धेरैजसो घरेलु हिंसाका थिए। र त्यसबाट महिलाहरू घरभित्र पनि असुरक्षित छन् भन्ने देखिएको छ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा :

- महिलामाथि भएका हिंसाका ३७९ वटा घटना मध्ये ३१ प्रतिशत घरेलु हिंसा, ५ प्रतिशत बहुबिबाह, १८ प्रतिशत बलात्कार, र १६ प्रतिशत शारीरिक यातनासम्बन्धी रहेका छन्। यसैगरी १३ प्रतिशत बेचबिखन र ८ प्रतिशत हत्या हुने गरेको पाइएको छ।
- यस्ता हिंसाबाट १६ देखि १८ बर्ष उमेरका महिला सबैभन्दा बढी पीडित (२९%) भएका छन्। २६ बर्षदेखि ३५ बर्ष उमेरका १८ प्रतिशत महिला हिंसाबाट पीडित छन् भने १६ बर्ष मुनिका १५ प्रतिशत, ३६ देखि ४५ बर्षसम्मका ११ र ४६ बर्षमाथि उमेर समूहका ७ प्रतिशत महिला हिंसाको शिकार भएका छन्। २० प्रतिशतको उमेर समूह नखुलेको पाइयो।
- हिंसा पीडितमध्ये सबैभन्दा बढी (५७%) प्रतिशत महिला बिबाहित रहेको प्राप्त तथ्याङ्कले देखाएको छ। यसैगरी २५ प्रतिशत अबिबाहित, ३ प्रतिशत छुट्टै बसेको, २ प्रतिशत एकलमहिला हिंसाबाट पीडित पाइए भने १३ प्रतिशत पीडितहरूको पहिचान खुल्न सकेन।
- हिंसाबाट ३३ प्रतिशत महिलाहरू मानसिक रूपमा प्रताडित भएको पाइयो। ३० प्रतिशतलाई मानसिक र शारीरिक दुवै असर परेको देखिएको छ भने ११ प्रतिशत महिलाले हिंसाका कारण ज्यान गुमाएको पाइयो।
- झण्डै ४७ प्रतिशत घटनामा पुरुषहरूको प्रत्यक्ष संलग्नता देखियो भने १५ प्रतिशतमा महिलाको नै संलग्नता रहेको पाइयो।

## पहिलो राष्ट्रिय महिला सामाजिक मञ्च

अन्तरराष्ट्रिय महिला श्रमिक दिवसका अवसरमा काठमाण्डौमा पहिलो राष्ट्रिय सामाजिक मञ्चको आयोजना गरियो। **"सामाजिक न्याय र समानतामा आधारित लोकतान्त्रिक नेपाल सम्भव छ- हामी बनाउँछौं"** भन्ने मूल नारासहित आयोजना गरिएको उक्त महिला सामाजिक मञ्चमा देशका विभिन्न ठाउँमा महिला

आन्दोलनलाई सन्चालन  गरिरहेका ५००० हजार महिला सहभागी थिए ।

यो सामाजिक मञ्च– दमित, पछाडि पारिएका र आवाजविहीनहरूको आवाजलाई बुलन्द पार्ने र राज्यले गरेका विभेदकारी सामाजिक, आर्थिक तथा राजनैतिक अभ्यासका कारण पछाडि पारिएका सीमान्तिकृत वर्गले संयुक्त रूपमा आफ्ना मुद्दामाथि छलफल गरी रणनीति तयार पार्ने साझा थलो भएको छ । सय भन्दा बढी सङ्घ/संस्थाको सामुहिक प्रयासमा आयोजना गरिएको महिला सामाजिक मञ्चको मुख्य उद्देश्य मञ्चलाई राष्ट्रिय, क्षेत्रीय हुँदै अन्तरराष्ट्रिय स्तरसम्म बिस्तार गरी महिलाहरूका स्थानिय सवाललाई बिश्वब्यापी बनाउने र तिनीहरूसँग तुलना गर्ने रहेको छ ।




मार्च ६ देखि ९ (फागुन २३ देखि २६ गते) सम्म भएको सामाजिक मञ्चमा विभिन्न १७ वटा जानकारीमुलक स्टलहरू राखिएका थिए । महिलाअधिकार र सामाजिक न्यायका मुद्दाहरूमा केन्द्रित रहेर सामाजिक मन्चमा एकैपटकमा १६ वटा भन्दा बढी समानान्तर अन्तरक्रियाको आयोजना गरिएको थियो । अन्तरक्रियामा समाजमा २ सय ४० बर्षदेखि जरा गाडेर बसेको सामन्ती पितृसत्तात्मक मूल्य र मान्यताबाटै निर्देशित राजनीतिक पार्टीको नेतृत्वले गर्दा परिवर्तन चुनौतीपूर्ण रहेको बिषयमा छलफल गरिएको थियो । नेपालको भू-राजनीतिक अवस्था र नव उदारवादी



नीतिहरू र चुनौतीहरूको सामना गर्न गहन विश्लेषणका आधारमा एकीकृत र ठोस प्रयासहरू थाल्नुपर्ने आवश्यकता अन्तरक्रियामा औंल्याईएको थियो ।

यसैगरी राष्ट्रिय सामाजिक मञ्चमा २०६२/६३ देखि हालसम्म परिवर्तनका लागि गरिएका आन्दोलनहरूमा महिलाहरूले दिएको योगदान, महिला स्वास्थ्यलाई समेटेर तयार गरिएका बृत्तचित्रहरू र फोटो प्रर्दशनी गरिएका थिए । द सारी सोल्जर्स, के हुन्छ जब महिला बिद्रोह गर्छन, लाली गुराँस क्रान्ति, मिर्ची लगायतका बृत्तचित्र प्रदर्शन गरिएका थिए । यी बृत्तचित्रहरू मध्ये द सारी सोल्जर्सले महिलाअधिकार स्थापित गर्न आ-आफ्नो क्षेत्रबाट होमिएका ६ जना महिलाको योगदानलाई समेटेको छ। यसैगरी "के हुन्छ जब महिला बिद्रोह गर्छन" नामक ओरेकद्वारा बनाईएको बृत्तचित्रमा महिलाहरूको २४ दिने आन्देलनलाई समेटिएको छ भने मिर्चीमा महिलाहरूको पाठेघर खस्ने समस्याका बारेमा देखाईएको छ ।

प्रदर्शनीमार्ग स्थित राष्ट्रिय सभागृहमा राखिएको फोटो प्रदर्शनीले ग्रामीण महिलाको जीविकोपार्जनलाई जिवन्त पारेको थियो । पहिलो महिला सामाजिक मञ्च कै अवसर पारेर सामाजिक-सांस्कृतिक रूपान्तरणका लागि **"कृतिका अभियान"** पनि सुरु गएिको थियो । यसै अवसरमा गीती चक्का **"वेग"** पनि सार्बजनिक गरिएको थियो । कृतिकाको अर्थ यसप्रकार रहेको छ :

*कृ : कृपामा बाँच्न चाहन्नौं हामी*
*ति : तिरस्कार सहँदैनौं*
*का : कार्यमा जुझिरहन्छौं ।*



सामाजिक मञ्चको अन्तिम दिन राष्ट्रपति डा. रामवरण यादवलाई महिलाहरूका विभिन्न सवालहरूलाई समेटेर ध्यानाकर्षण पत्र बुझाईएको थियो । ध्यानाकर्षण पत्रमा निम्नलिखति तीनवटा मागहरू राखिएको थियो :

- महिला हिंसा विरूद्ध उच्चस्तरीय आयोग गठन गरियोस्,
- देशमा शान्ति सुरक्षा कायम गरियोस्,
- प्रत्येक जिल्लामा सुरक्षित वासको व्यवस्था गर्न, महिला मानवअधिकार रक्षकहरूलाई सुरक्षा प्रदान गर्न र बन्द चक्का जाम अन्त्य गर्न उपयुक्त कदम चालियो ।

यो ध्यानाकर्षण पत्र सँगै राष्ट्रिय महिला सामाजिक मञ्चको टोलीले एक वर्षदेखि विभिन्न जिल्लाबाट सङ्कलन गरिएका २ लाख हस्ताक्षर पनि राष्ट्रपतिलाई हस्तान्तरण गरेको थियो । राष्ट्रपतिले महिलाहरूका यी सबै मुद्दामा आफू सकारात्मक रहेको भन्दै ऐक्यबद्धता जनाउनु भएको थियो ।

पहिलो राष्ट्रिय सामाजिक मञ्चबाट आएका निष्कर्षहरू र ५१ वटा जिल्लाबाट आएका ५००० भन्दा बढी महिलाहरूसँगको छलफलपछि निकालिएका निष्कर्षहरू संविधान सभा अन्तरगतका समितिहरूमा बुझाइएको छ । १४ वटा समितिमध्ये ११ वटा बिषयगत समितिलाई आवाजविहीन, दबाइएका र सीमान्तिकृत वर्गका महिला मुद्दा केन्द्रित सुझावहरू बुझाइएको थियो ।

## महिला मानवअधिकार रक्षक तथा पत्रकार उमा सिंहको हत्याको बिरोधमा प्रदर्शन

पत्रकार तथा महिला मानवअधिकार रक्षक उमा सिंहको हत्याले सम्पूर्ण मुलुकलाई नै स्तब्ध बनायो । गएको माघमा उनको डेरामा धारिलो हतियार प्रयोग गरी अत्यन्त नृसंश तरिकाले उनको हत्या भएको थियो । जनकपुरको रेडियो टुडेमा कार्यरत सिहंले महिलामाथि हुने हिंसा र उनीहरूको अधिकारका विषयमा रेडियोमा कार्यक्रम चलाउनुका साथै विभिन्न पत्रपत्रिकामा कलम चलाउदै आएकी थिईन । यो हत्याको बिरोधमा महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजालले सडक प्रदर्शन, पत्रकार सम्मेलन र प्रेश बिज्ञप्ति जारी गर्नुका साथै विभिन्न माग सहितको ध्यानाकर्षण पत्र जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा बुझाएको थियो ।
मागहरू निम्न थिए :

- उमा सिंहको हत्याको निष्पक्ष छानबिनका लागि उच्च स्तरीय समिति गठन गरी दोषीमाथि कडा कार्बाही गरियोस् ।
- दण्डहिनताको अन्त्य गरियोस् ।
- महिला मानवअधिकार रक्षकहरूमाथि भईरहेको हिंसाको तुरुन्त अन्त्य गरियोस् ।

## जर्मन सांसदहरूसँगको छलफल

संबिधान सभाले गरिरहेको संबिधान निर्माण प्रक्रियाका बारेमा जानकारी लिन आएको जर्मन सांसदहरूको टोलीसँग माघ महिनामा नेपालका महिला र मानवअधिकार बादीहरूले छलफल गरे । त्यस अवसरमा उनीहरूले नेपालको मानवअधिकारको स्थिति जर्मन सांसदहरूलाई जानकारी गराएका थिए । ओरेक नेपालका कार्यकारी निर्देशक ज्योत्सना मास्केले हिंसा, मानसिक यातना र धम्कीका कारण नेपालमा महिला मानवअधिकार रक्षकहरूको जीवन जोखिममा र हेको बताउनुभयो । साथै न्यायमा महिलाहरूको पहुँच पुऱ्याउनका लागि छुट्टै संयन्त्रको आवश्यकता रहको उहाँले

औल्याउनु भएको थियो। छलफलमा महिला मानवअधिकार रक्षकहरू पूर्वाञ्चलका कोकिला ढकाल र मध्यमाञ्चलका मोनिका झाले आफूहरूलाई दिनदिनै आउने धम्की र काममा आएको चुनौतिका सम्बन्धमा आफ्नो अनुभव सुनाएका थिए।

## बैंककमा सम्पन्न मानवअधिकार रक्षकहरूको तेस्रो बैठक

संयुक्त राष्ट्रसङ्घका मानवअधिकारसम्बन्धी बिशेष प्रतिनिधि मार्गरेट सेकग्या समक्ष एसियामा मानवअधिकारको ग्यारेण्टिका बारेमा ऐक्यबद्धता जनाउन र सहकार्य गर्ने बिषय, यो बैठकको मुख्य उद्देश्य थियो। बैठकमा ओरेक नेपाल एवम् महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सन्जालका अध्यक्ष डा. रेणु राजभण्डारीले नेपालमा महिला मानवअधिकार रक्षकहरूले झेल्दै आएका चुनौति र जोखिमका बारेमा बोल्नु भएको थियो भने पत्रकार तथा महिला मानवअधिकार रक्षक मोनिका झाले उमा सिंहको हत्या हुनु अघि उनलाई आएका धम्की एवम् अहिले आफूलाई आएको खतरा र सुरक्षाको सम्बन्धमा अनुभव सुनाउनु भएको थियो। यो बैठकले, नेपालमा महिला मानवअधिकार रक्षकहरूको हत्या, हिंसा र उनीहरूको जीवन रक्षाका लागि भएको आन्देलनका बारेमा संयुक्त राष्ट्रसङ्घका बिशेष प्रतिनिधि र अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने ठुलो अवसर दिएको थियो। खासगरी तराईमा विभिन्न सशस्त्र हतियारधारी समूहका कारण भएको मानवअधिकार उल्लघंन र चुनौतिका बारेमा पनि बैठकमा जानकारी गराइएको थियो।






---

## महिला मानवअधिकार रक्षकहरूको जीवन रक्षाका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा भएका पहलहरू

इलामका पत्रकार तथा महिला मानवअधिकार रक्षक र धनुषाका मोनिका झालाई ज्यान मार्ने धम्की आए पछि महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजालले उनीहरूको जीवन रक्षाका लागि मानवअधिकारसम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय निकायहरूको तुरुन्त ध्यानाकर्षण गराएको थियो। राष्ट्रिय मानवअधिकार आयोग, नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, युरोपियन युनियन वर्किङ ग्रुप र पीस ब्रीगेड ईण्टरन्यासनललाई उनीहरूको सुरक्षाका लागि पहल गरिदिन संजालले अपिल गरेको थियो।

## दक्षिण पूर्वी एसियामा दण्डहिनता, द्वन्द्व र शान्तिका विषयमा भइरहेका कार्यका सम्बन्धमा परामर्श गोष्ठी

ओरेक नेपालको संयोजनमा र Development Alternatives With Women for a New Era (DWAN) को आयोजनामा चैत महिनाको १४ र १५ गते परामर्श गोष्ठी काठमाण्डौमा सम्पन्न भयो । परामर्श गोष्ठीमा दक्षिण पुर्वी एशियामा दण्डहीनताका कारण महिला मानवअधिकार रक्षक र महिलाहरूमाथि हुने हिंसा र यससँग सम्बन्धित केशहरू प्रस्तुत गरिएको थियो । नेपाल लगायत भारत, श्रीलंका, ईण्डोनेशिया, मलेशियाका गरी २५ जना महिला अधिकारवादीहरूको यो गोष्ठीमा सहभागिता रहेको थियो । गोष्ठीमा सभासद् बिन्दा पाण्डे र सपना मल्ल प्रधानले नेपालमा जारी संविधान निर्माण प्रक्रिया र यसमा समेटिनु पर्ने महिलाहरूका मुद्दाका बिषयमा जानकारी गराउनु भएको थियो । परामर्श गोष्ठीमा ओरेक नेपाल लगायत, भारत, श्रीलंका, ईण्डोनेशिया र मलेशियाका महिला अधिकारबादीहरूले आ-आफ्ना देशमा महिलामाथि हुने हिंसाका घटना, त्यसको प्रकृतिका बारेमा केश प्रस्तुत गरेका थिए ।

प्रकाशक :

**ओरेक नेपाल**

पो.व.नं. १३२३३

काठमाडौं, नेपाल

फोन नं. : २१२३१२४, ५००६३७४

इमेल : worec@wlink.com.np

वेवसाइट : www.worecnepal.org

हटलाइन : १६६०-०१-७८९१०

तयार गर्ने : दुर्गा कार्की

सम्पादक : डा. विनायक राजभण्डारी

ले-आउट : विन्दु गौतम